# मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अर्जाबाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.:
प.सं.: २०८२।०८३
मिति: २०८३।०१।१०


श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
मालिका गाउँपालिका, गुल्मी।

विषयः विद्यार्थी भर्ना र पठनपाठन सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको मिति २०८२।१२।२६ को पत्रानुसार **शैक्षिक सत्र २०८३ को भर्ना अभियान २०८३ वैशाख १५** गते देखि शुरू हुने र **२०८३ वैशाख २१ गतेबाट पठनपाठन शुरू हुने** गरी नेपाल सरकारबाट निर्णय भएको व्यहोरा सर्वविदितै छ । विभिन्न बहानामा कुनै विद्यालयले अटेरी गरी नियम विपरीत भर्ना वा पठनपाठन गर्ने, गराउने गरेमा कानुन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ । साथै नयाँ विद्यार्थी भर्ना गर्दा स्थानान्तरण पत्र (IEMIS रजिस्ट्रेशन सहित) को आधारमा भर्ना गर्ने कानुनी व्यवस्था भएकोले बालविकास र कक्षा १ बाहेकको हकमा सो विपरीत भर्ना गरेमा IEMIS मा विद्यार्थी अद्यावधिक गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

विद्यालयमा पठनपाठन शुरू हुन भन्दा पहिले सबै विद्यालयहरूले तपसिल बमोजिमका क्रियाकलापहरूको तयारी गर्नुहुन समेत अनुरोध छ ।

तपसिलः

१. शैक्षिक सत्र २०८३ को कार्ययोजना निर्माण गर्ने,
२. वार्षिक कार्यतालिका, शैक्षिक योजना निर्माण। तयारी गर्ने,
३. विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने,
४. विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धी योजना निर्माण गर्ने,
५. शैक्षिक सामाग्री निर्माण, विद्यालय सरसफाई तथा कक्षा कोठाको व्यवस्थापन गर्ने,

०१/१०
विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**



CS Scanned with CamScanner